# बुटवल उपमहानगरपालिका क्षेत्र भित्रका हाटबजारहरु संचालन गर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना ।

विश्वब्यापी रुपमा फैलिएको कोरोना भाईरसका कारण लामो समय देखि बन्द रहेका हाटबजारहरु देहाय बमोजिमका स्वास्थ्य सतर्कता अपनाई दैनिक जीवनयापनलाई सहज बनाउन संचालन गर्ने गरी बुटवल उपमहानगरपालिका नगर कार्यपालिकाबाट निर्णय भएको हंदा यो सूचना प्रकाशित/प्रसारित भएका मिति देखी नगर क्षेत्र भित्रका हाटबजार संचालन हुने ब्यहोरा सम्बन्धीत व्यवसायी तथा उपभोक्ताहरुको जानकारीका लागि यो सूचना प्रकाशित/प्रसारित गरिएको छ ।

**शर्तहरु**

१. प्रत्येक व्यवसायीहरुले स्वास्थ्य सुरक्षाका मापदण्ड (माक्स र स्यानिटाईजर) को प्रयोग गर्नुपर्नेछ ।

२. भौतिक तथा सामाजिक दुरीको आफुले र आफ्ना ग्राहक उपभोक्तालाई पालना गर्न लगाउनु पर्नेछ ।

३. सबै हाट बजारको क्षेत्रफलको ६० प्रतिशत कृषिजन्य सामाग्री र ४० प्रतिशत क्षेत्रफल गैर कृषिजन्य सामाग्रीका लागि मात्र प्रयोग गर्नुपर्नेछ ।

४. छुट्टाईएको क्षेत्र भन्दा विपरित हुने गरी वा निषेधित वस्तु विक्रि गरे वा सडक पेटीमा पसल संचालन गरेमा तोकिएको दरमा जरिवाना गरिने र माल वस्तु जफत गरिनेछ ।

५. हाटबजारमा वस्तु तथा सेवा खरिद गर्न आउंदा सबै उपभोक्ताहरुले निम्न बमोजिमको स्वास्थ्य सतर्कता अपनाउनुहुन अनुरोध छ ।

    क. माक्स अनिवार्य रुपमा लगाउने र स्यानिटाईजरको प्रयोग गर्ने ।
    ख. भिडभाड हुने गरी वस्तु तथा सेवा खरिद नगर्ने ।
    ग. हाटबजार क्षेत्रमा कम समय ब्यतित गर्ने ।
    घ. हाटबजार क्षेत्रबाट निषेध गरिएका वस्तु खरिद नगर्ने ।
    ङ. खरिद गरिएका तरकारी तथा खाद्य पदार्थ वा अन्य वस्तुको सुरक्षित व्यवस्थापन गर्ने ।
    च. पटक पटक साबुन पानीले हात धुने ।

६. हाटबजारमा बिक्रि वितरण गर्न निषेध गरिएका वस्तु तथा सेवाहरु :

    क. खुल्ला रुपमा माछामासु तथा सिद्राजन्य वस्तु ।
    ख. तैयारी खाजानास्ता (मम, फुल्की, चाउचाउ, चाउमिन, समोसा मटर, जेरी पुरी, सेलरोटी) जस्ता नास्ताजन्य परिकार ।
    ग. हाटबजार र आसपासका सडकमा ठेलाबाट विक्रि वितरण गर्न ।

७ वुटवल ५ को हाटवजार, वडा नं. ७ दीपनगर र वडा नं.११ देवीनगर हाटवजारमा अर्को सूचना नभए सम्म हाललाई हप्ताको सातै वार हाटवजार संचालन गरिनेछ ।